प्राय: सोधिने प्रश्नहरु
*“NTPSA II”* मुद्दा
ताजा जानकारी: अगस्ट ६, २०२५ मा जारी

होन्डुरस**,** नेपाल**,** र निकारागुवाको **TPS** बारे हाल के भईरहेको छ**?**

जुन ६, २०२५ मा DHS ले नेपालको TPS अगस्ट ५, २०२५ मा अन्त्य हुने घोषणा गरेको छ।

जुलाई ७, २०२५ मा DHS ले होन्डुरस र निकारागुवाको TPS सेप्टेम्बर ८, २०२५ मा अन्त्य हुने घोषणा गरेको छ।

तर, जुलाई ७, २०२५ कै दिन “नेशनल टिपिएस अलायन्स” र सात जान व्यक्तिगत वादीहरुले “नर्दन डिस्ट्रिक्ट अफ क्यालिफोर्निया” को “यू एस डिस्ट्रिक्ट” अदालतमा होन्डुरस, नेपाल र निकारागुवाको TPS खारेजी विरुद्ध “*NTPSA, et. al. v. Noem*, et. al. (“*NTPSA II*” मुद्दा दायर गरेका छन्। मुद्दा अदालतमा जारी रहुन्जेल सम्मको लागि TPS खारेजीको मिति स्थगित गरि पाऊँ भने वादीहरुले प्रारम्भिक “रोक” को लागि अदालतलाई आग्रह गरेका थिए।

जुलाई ३१, २०२५ को दिन न्यायधिशले वादीहरुको आग्रहलाई स्वीकार गर्दै TPS खारेजी कम्तीमा नोभेम्बर १८, २०२५ सम्म लागु गर्न नपाउने भनेर आदेश दिनु भयो। अदालतको त्यो आदेश यहाँ हेर्न सक्नु हुन्छ। नोभेम्बर १८ तारिख फेरि वादीहरु र कानुनी टोली TPS खारेजी रद्द गर्ने अन्तिम फैसलाको आग्रह गर्नको लागि अदालतमा उपस्थित हुनेछन्। होन्डुरस, निकारागुवा, र नेपालको TPS र काम गर्ने अनुमति पत्र नोभेम्बर १८, २०२५ सम्म यथावत नै रहने छ।

***“NTPSA II”*** मुद्दामा वादीहरुले के दावी गरेका छन्**?**

वादीहरुको अनुसार होन्डुरस, नेपाल, र निकारागुवाको TPS खारेजी मुख्यत: तीन कुराले गर्दा गैर कानुनी रहेको दावी छ। पहिलो, TPS को खारेजी ति देशहरुको वर्तमान अवस्थाको सहि मुल्यांकनमा आधारित हुनुको सट्टा सबै देशहरुको TPS वर्तमान सरकारको पूर्वाग्रहित राजनैतिक झुकावमा खारेज गर्ने निर्णय गरेको छ। दोश्रो, TPS को म्याद सकिनु ६० दिन अधि दिईने सुचना पहिले को सरकारी निकायहरुको अभ्यासको तुलानामा यसपालि निकै लापरवाही र मनपरि भएको छ। निकै लामो समयसम्म TPS रहेको खण्डमा त्यसको खारेजीको सुचना वास्तवमा कम्तीमा ६ महिना अधि दिईने गरिन्थ्यो। तेश्रो, यसपालीको TPS को खारेजीको निर्णय गैर श्वेत, गैर यूरोपेली जातिका आप्रवासीहरु विरुद्धको जातिय र रंगभेदी भेदभावमा आधारित छ, जसले संयुक्त राज्य अमेरिकाको संविधानको उल्लंघन गर्छ।

***“NTPSA II”*** मुद्दामा वादीहरुले कस्तो राहतको माग राखेका छन्**?**

पहिलो, माथि भनिए जस्तै, अदालतमा यो मुद्दा चलान हुने अवधि सम्मको लागि खारेजीको मिति पछि सार्ने गरि अदालतबाट “रोक” को आग्रह वादीहरुको रहैको छ। अदालतले वादीहरुको यो आग्रह पुरा गरेको छ, र यस मुद्दामा अदालतको अन्तिम फैसला नहुन्जेल सम्मको लागि TPS खारेज गर्ने निर्णय नोभेम्बर १८, २०२५ सम्म लागु हुन पाउने छैन। त्यो दिन अदालतले नयाँ फैसला लिने छ। यसको मतलब नेपाल, होन्डुरस, र निकारागुवाका TPS होल्डरहरुले सरकारद्वारा समातिने र देशनिकालामा परिने सम्भवानाबाट सुरक्षा पाउनेछन्। अनि मुद्दा चलान भई रहे सम्म उनीहरुको काम गर्ने अनुमति पत्रको म्याद पनि थपिने छ।

अन्तत: वादीहरुले TPS को खारेजीको निर्णय गैरकानुनी ठहर गराउन अदालतससंग आग्रह राखेका छन्। तर यसको मतलब DHS ले कहिल्यै पनि होन्डुरस, नेपाल र निकारागुवाको TPS अन्त्य गर्नै नपाउने

भने होईन। यदि अदालतले वादीहरुको माग पुरा गर्यो भने, DHS ले हेरक देशको वास्तविक परिस्थितिको सहि मुल्यांकन गरेर, अनि सबै कानुनी विधि पुराएर ति देशहरुको TPS लम्ब्याउने या खारेज गर्ने भनेर नयाँ निर्णयहरु लिन पर्ने हुन्छ।

**"*NTPSA II*" मुद्दामा अब के हुन्छ?**

वादीहरु र हाम्रो कानुनी टोलीको लागि नोभेम्बर १८, २०२५ मा अर्को सुनवाई हुँदैछ, जहाँ वादीहरु र कानुनी टोलीले TPS खारेजी गैर कानुनी भएकोले अदालतको अन्तिम फैसला नआउन्जेल सम्मको लागि यसलाई स्थगित गराई राख्न न्यायधिशलाई अग्रह गर्नेछन्। सरकार पक्षले पहिलो फैसलाको विरुद्ध उजुरी हालेर अदालतले जारी गरेको "रोक" अदालती प्रकृया चलुन्जेल सम्मको लागि लागु नगर्न आग्रह गरेका छन्। तर वादीहरु र हाम्रो कानुनी टोलीले भने जुलाई ३१ मा दिएको अदालतको फैसलाको प्रतिरक्षा गर्दै सो "रोक" लागु गरि राख्न आग्रह गरेका छन्।

**म होन्डुरस, नेपाल, या निकारागुवाको TPS होल्डर हुँ। मेरो काम गर्ने अनुमति पत्र जारी छ भनेर कसरी प्रमाणित गर्ने?**

तपाईंको म्याद सकिएको काम गर्ने अनुमति पत्र र NTPSA को कानुनी टोलीले तयार गरेको यो पत्र आफ्नो काममा देखाउन सक्नु हुन्छ। यो पत्रमा नेपालको काम गर्ने अनुमति कार्डमा म्याद अगस्ट ५, २०२५, होन्डुरस र निकारागुवाको कार्डमा जुलाई ५, २०२५ लेखिएको भए पनि, United States District Court for the Northern District of California in *National TPS Alliance v. Noem*, Case No. 25-cv-05687-TLT. को आदेश बमोजिम  उनीहरुको अनुमति कम्तीमा नोभेम्बर १८, २०२५ सम्म जारी रहने कुरा स्पष्ट पारिएको छ।

तपाईंको देशको TPS को हालको परिस्थिति बारे USCIS ले अपडेट गरेको वेवपेजहरु पनि तपाईंको काममा देखाउन सक्नु हुन्छ। ति पेजहरु  यहाँ हेर्न सक्नु हुन्छ: Honduras, Nepal, Nicaragua.

**म होन्डुरस, नेपाल, या निकारागुवाको TPS होल्डर हुँ। के मैले "ड्राईभर लाईसेन्स" रिनिऊ गर्न सक्छु?**

REAL ID Act. *See* REAL ID Act of 2005, Pub. L. No. 109-13, Sec. 202 ( c)(2)(C)(i-ii) अनुसार सबै TPS होल्डरहरु "ड्राईभर लाईसेन्स" को लागि योग्य हुन्छन्। TPS खारेजीको सरकारको निर्णयलाई अदालतले हालको लागि स्थगित गरेको हुनाले होन्डुरस, नेपाल र निकारागुवाका TPS होल्डरहरु ड्राईभर लाईसेन्सको लागि योग्य हुन्छन्। The REAL ID Act अनुसार TPS होल्डरहरुको लागि स्टेटहरुले अस्थायी "ड्राईभर लाईसेन्स" या आई डी दिन सक्छ। ति कार्डहरुको म्याद भने "सम्बन्धित व्यक्ति अमेरिकामा बस्ने अनुमति पाएको मिति सम्म, या ठोस मिति नभएको खण्डमा एक वर्षको मिति लेखेर दिन मिल्छ।" अदालतले नेपाल, होन्डुरस, र निकारागुवाको TPS घटिमा नोभेम्बर १८, २०२५ सम्म जारी राख्ने आदेश दिएकोले गर्दा, अनि हालको कानुनी परिस्थितिको पनि ठोस म्याद नभएको गर्दा, सो देशको TPS होल्डरहरुले एक वर्षको म्याद भएको कार्ड पाउन पर्छ।

तपाईंको "ड्राईभर लाईसेन्स" रिनिऊ (नविकरण) गर्नको लागि भने स्टेटको Department of Motor Vehicle मा आफ्नो TPS को कागज पत्र र  Honduras, Nepal, Nicaragua को TPS बारे USCIS को वेबपेज देखाउनु होला। होन्डुरस, नेपाल र निकारागुवाको TPS को हालको स्थिति बारे बुझाउनको लागि National TPS Alliance ले एउटा पत्र लेखेको छ। यसले गर्दा यि तीन देशहरुको TPS अदालतले जारी राखेको हुनाले "ड्राईभर लाईसेन्स" लिन सहज हुन सक्छ।

**यदि TPS सकियो भने के मैले मेरो "सोसियल सेक्यूरिटी" को सुविधाहरु पाउन सक्छु?**

यदि तपाईं अमेरिकामा गैर कानुनी रुपमा बस्नु भयो भने तपाईंले “सोसियल सेक्यूरिटी” को सुविधाहरु पाउन योग्य हुनु हुन्न।

यदि तपाईं होन्डुरस, नेपाल, या निकारागुवाको नागरिक हुनुहुन्छ र आफ्नो देश फर्कनु भयो भने आफ्नो हकको “रिटायरमेन्ट” सुविधाहरु पाउन सक्नु हुन्छ।

यदि तपाईं अमेरिका या आफ्नै नागरिकताको देश नगएर कुनै अर्कै देशमा बसाईं सर्नु भयो भने चाहि. तपाईंको योग्यता फरक हुन सक्छ। यस बारे थप जानकारीको लागि यो लिंकमा जानुहोला: Your Payments While You Are Outside the United States and Payments Abroad Screening Tool.

यदि **TPS** को खारेजी लागु हुने भयो भने के मैले मेरो लागि उपयुक्त हुने अन्य ईमिग्रेशनको विकल्पहरु बारे कानुनी परामर्श गर्न जरुरी हुन्छ**?**

गर्नु पर्छ! यदि तपाईंको TPS खारेज हुने भयो भने तपाईंलाई लागु हुन सक्ने विभिन्न विकल्पहरु बारे तपाईंलाई विश्वास लाग्ने वकिलसंग कुरा गर्नुहोस् भनेर हामी सुझाव दिन्छौं। शायद तपाईं अन्य कुनै ईमिग्रेशनको राहतहरुको लागि योग्य हुन सक्नु हुन्छ।

**TPS** मा यात्रा गर्ने अनुमति या **“**एडभान्स परोल**”** लिएर म अझै पनि यात्रा गर्न सक्छु**?**

ITPS मार्फत यात्रा गर्ने अनुमति लिएरै भए पनि अमेरिका बाट बाहिर जानु अघि विश्वासिलो वकीलसंग सल्लाह गर्नु होला। अहिले TPS को खारेजीको धोषणा भई सकेको अवस्थामा यो गर्नु एकदमै जरुरी हुन्छ।

गैर नागरिकहरुले रजिस्टर गर्नु पर्ने एउटा नयाँ प्रावधान शुरु भएको छ भनेर मैले सुनेको छु। के मैले **USCIS** समग रजिस्टर गर्नु पर्छ**?**

अप्रिल २०२५ देखि लागु हुने गरि यि नियमहरु शुरु गरिएको थियो: १) गैर नागरिकहरुले USCIS संग रजिस्टर गर्नु पर्ने, २) रजिस्टर गरेको प्रमाण सधैं आफु संगै बोकेर हिंड्न पर्ने, ३) तपाईंको ठेगाना परिवर्तन भएमा तुरुन्तै USCIS लाई तपाईंको नयाँ जानकारी दिन पर्ने। यदि यि कुराहरु नगरेको खण्डमा “मिस्डिमिनर” अपराध लाग्ने र थुनामा पर्न सक्ने (रजिस्टर नगरेकोमा ६ महिना सम्म, प्रमाण नबोकेकोमा  या ठेगाना परिवर्तन बारे USCIS लाई जानकारी नदिएकोमा १ महिना सम्म), र जरिवाना तिर्न पर्ने हुन सक्छ।

तर यदि तपाईंले काम गर्ने अनुमति पत्र पाई सक्नु भएको छ भने तपाईं रजिस्टर भई सकेको मानिनु हुनेछ, र फेरि रजिस्टर गर्न भने पर्दैन। तपाईंको काम गर्ने अनुमति पत्र नै तपाईं रजिस्टर भएको प्रमाण हो। यदि म्याद सकि सकेको भए पनि काम गर्ने अनुमति पत्र बोकेर हिंड्नु भयो भने त्यसैलाई रजिस्टर गरेको प्रमाण मानिन्छ।

के ***“NTPSA II”*** मुद्दाले **TPS** होल्डरहरुलाई स्थायी बसोबासको व्यवस्था मिलाउन सक्छ**?**

सक्दैन। TPS होल्डरहरुलाई स्थायी बसोबास दिने अधिकार कँग्रेसलाई मात्र हुन्छ। यदि हामीले होन्डुरस, नेपाल, निकारागुवा र भेनेजुएलाको TPS खारेजी विरुद्ध “रोक” र हैटीको लागि प्रावधानिक “रोक” जित्न सक्यौं भने पनि यसले भविष्यमा सरकारले फेरि TPS खारेज गर्ने सम्भावना भने रोक्न सक्दैन। तर त्यसो गर्नको लागि सरकारले कानुन र नियम को विधि पुराउन पर्छ।

TPS होल्डरहरुको लागि स्थायी बसोबास दिलाउने कानुन बनाउन “नेशनल TPS अलायन्स” (NTPSA) ले संघर्ष जारी राखेको छ। यदि तपाईं पनि यस अभियानमा संलग्न हुन चाहनु हुन्छ भने NTPSA संग जोडिनको लागि तलको जानकारीहरु हेर्नु होला।

***“NTPSA II”*** मुद्दाको बारे ताजा जानकारीहरु कसरी पाउन सक्छु**?**

ताजा जानकारीहरुको लागि NTPSA को सोसियल मिडियाहरु हेर्नु होला: Facebook, Instagram, Twitter, र YouTube. यदि NTPSA को सदस्य बन्नु भएमा पनि त्यहाँबाट ताजा जानकारीहरु पाउन सक्नु हुन्छ।

**“**नेशनल **TPS** अलायन्स**”** को सदस्य कसरी बन्ने**?**

NTPSA को सदस्य बन्न वहाँहरुको स्थानिय कमिटीहरुमा सहभागी हुन सक्नु हुन्छ। या सदस्यताको फारम भर्न पनि सक्नु हुन्छ। यस बारे थप जानकारीको लागि NTPSA को वेबसाईटमा जान सक्नु हुन्छ: https://www.nationaltpsalliance.org/

* यो सुचनामा दिईएको जानकारीहरु  कानुनी सल्लाह भने होईन, र यस मार्फत कानुनी सल्लाह दिने हाम्रो उद्देश्य पनि होईन। यो साधारण जानकारीको लागि मात्र प्रकाशित गरिएको हो। कुनै कानुनी सल्लाह चाहिएमा तपाईंले वकीलसंग नै कुरा गर्न पर्ने हुन्छ। यस सुचनामा दिईएको जानकारी हरु पूर्ण रुपले ताजा नहुन पनि सक्छ, र यि जानकारीहरु पुष्टि गर्न अन्य ताजा स्रोतहरु पनि हेर्नु होला।